नेपाल बार एशोसिएशन
रामशाहपथ, काठमाडौं
फोन नं. : ९७७-१-४२००८३७
फ्याक्स नं. : ९७७-१-४२००८३९
इमेल : info@nepalbarassociation.org.np
वेब : www.nepalbarassociation.org.np

प.सं.

मिति: २०८२।०१।०६

# प्रेश विज्ञप्ति

आज मिति २०८२।०१।०७ गते नेपाल बार एशोसिएशन (ने.वा.ए.) को नवनिर्वाचित केन्द्रीय कार्यसमिति र सर्वोच्च अदालतका सम्माननीय प्रधान न्यायाधीश श्री प्रकाशमान सिंह राउतज्यू विच शिष्टाचार भेट सम्पन्न भयो ।

ने.वा.ए.का नवनिर्वाचित अध्यक्ष वरिष्ठ अधिवक्ता प्रा.डा. विजय प्रसाद मिश्रको नेतृत्वमा कार्यसमितिका सम्पूर्ण पदाधिकारी तथा सदस्यको उपस्थितिमा अध्यक्ष वरिष्ठ अधिवक्ता प्रा.डा.विजय प्रसाद मिश्रले निम्न विषयमा ध्यानाकर्षण गराउनु भयो ।

न्याय परिषद् नियमावली, २०७४ को नियम ११ मा भएको संसोधन तत्काल खारेजी, संसोधित नियमावली खारेजी पश्चात मात्र न्यायाधिसको नियुक्ती गर्नु पर्ने, ने.वा.ए.का निवर्तमान अध्यक्ष व.अ. गोपालकृष्ण घिमिरे विरुद्धको अपहेलना मुद्दाको सिघ्र सुनुवाई गर्नु पर्ने, वरिष्ठ अधिवक्ताले अनिवार्य रुपमा इजलास समक्ष सहयोगी अधिवक्ता लिई उपस्थित हुनुपर्ने, मुद्दा दर्तामा हुने कठिनाई तत्काल समाधान हुनुपर्ने, दोहोऱ्याई पाउँ निवेदनको सुनुवाईको गाम्भिर्यता कायम गरिनु पर्ने, कानून व्यवसायीले स्थगित गरेको मुद्दा भन्दा माथिल्लो क्रमको मुद्दा हेर्न नभ्याउने भई आदेश हुँदा सो पश्चातको मुद्दामा समेत पटक कायम हुने गरेको विषय, जिल्ला अदालतहरुमा म्याद थपको क्रममा हुने सुनुवाई प्रभावकारी नभएको विषय, हेर्दा हेर्दैको मुद्दामा समेत प्रमाण बुझ्ने आदेश भई सोही इजलासमा मुद्दा पेश गर्ने गरी भएको आदेश, न्याय प्राप्ति भन्दा लगतमुखि भएको, जेथा जमानतमा एकरुपता नभएको लगायतका विषयहरुमा सम्मानीय प्रधान न्यायाधीशको ध्यानाकर्षण गराउनु भयो ।

शिष्टाचार भेटको क्रममा सम्मानीय प्रधान न्यायाधीशबाट संवैधानिक दायरा भित्र रही न्यायपालिका सुधारको लागि आफु जुनसुकै कदम चाल्न तयार रहेको, ने.वा.ए.को जायज माग र गुनासा संवोधन गर्न आफु सदैव तत्पर रहेको बताउनु भयो । साथै आगामी दिनमा बार बेञ्च समन्वय समिति मार्फत आएका समस्याहरुलाई आपसी सहमतीमा समाधान गर्दै आफु न्यायपालिका सुधारको लागि तयार रहेको जानकारी गराउनु भयो । त्यसैगरी निवर्तमान अध्यक्ष विरुद्धको अपहेलना मुद्दा प्राथामिकता दिई सुनुवाई गर्ने समेत भेटका क्रममा अवगत गराउनु भयो ।

.............................................

वरिष्ठ अधिवक्ता केदार प्रसाद कोइराला
महासचिव